छोराछोरी बराबरी स्कुल पठाऔ सरासरी

# श्री सिद्धेश्वरी माध्यमिक विद्यालय

हिलिहाङ गा.पा.-६ भरापा टुवा पाँचथर

पत्र संख्या- २०८३/०८४

चलानी नं. - ९३

मिति- २०८३/०६/०१

**विषय-रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्वन्धी सूचना।**

प्रस्तुत विषयमा यस श्री सिद्धेश्वरी माध्यमिक विद्यालय हिलिहाङ-६, टुवामा निम्न माध्यमिक तह, तृतीय श्रेणी गणित-विज्ञान विषयको शिक्षक दरवन्दी १ (एक) रिक्त रहेको हुँदा विद्यालय व्यवस्थापन समितिको २०८३/०५/२४ गतेको निर्णय तथा हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको च.नं. २६४ मिति २०८३/०५/३१ को शिक्षक सरुवा अनुमति पत्र अनुसार शिक्षा नियमावली २०५९ (दशौं संसोधन २०८३ सहित) को सरुवा सम्बन्धी व्यवस्था बमोजिम उक्त दरवन्दीमा शिक्षक सरुवा मार्फत पदपुर्ति गर्नुपर्ने भएकोले निम्न माध्यमिक तह, गणित-विज्ञान विषयमा स्थायी दरवन्दीमा कार्यरत तथा सरुवाका लागि योग्य र इच्छुक शिक्षकबाट प्रचलित कानुन बमोजिमको ढाँचामा यो सूचना प्रकाशित मितिले १५ दिन (२०८३/०६/१५ गते) कार्यालय समय भित्र सरुवाका लागि निवेदन दिनहुन यो सूचना प्रकाशित गरिएको छ।

**पेश गर्नुपर्ने कागजातहरु**

१. सरुवाका लागि रित पूर्वकको निवेदन।
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।
३. स्थायी तथा अस्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपी।
४. सेवा अवधी खुल्ने कागजात।
५. शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी।
६. हाल कार्यरत विद्यालय र स्थानिय तहमा हालको पदमा सुरु हाजिरी भएको कागजात।
७. असाधारण तथा वेतलवी बिदा लिए/नलिएको कागजात।
८. अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपी।
९. हाल कार्यरत विद्यालयको सरुवा सहमति सम्बन्धि वि.व्य.स.को निर्णय र सहमति पत्र।
१०. सम्बन्धित स्थानिय तहको सहमति पत्र।
११. शिक्षा नियमावली २०५९ (दशौं संसोधन २०८३) बमोजिम प्राथमिकता दावि गर्ने कागजात।
१२. शिक्षा नियमावली २०५९ को अनुसूची १७ बमोजिमको फारम।

उक्त समयावधी भित्र प्राप्त निवेदनहरु शिक्षा नियमावली २०५९ (दशौं संसोधन २०८३) तथा प्रचलित कानुन बमोजिम मूल्याङ्कन गरी आवश्यक प्रकृया अगाडि वढाइने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

**बोधार्थ:**

१. शिक्षा विकास तथा समन्वय एकाइ पाँचथर- जानकारी तथा सूचना वेबसाइटमा प्रकाशनका लागि
२. शिक्षा, युवा तथा खेलकुद शाखा हिलिहाङ गाउँपालिका गाउँ कार्यापालिकाको कार्यालय- जानकारी तथा सूचना वेबसाइटमा प्रकाशनका लागि

**पुनश्च:** तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना **shreesiddhesworimavi2017@gmail.com** मार्फत समेत निवेदन पेश गर्न सकिने छ। रित पुर्वक प्राप्त नभएको निवेदन दर्ता हुने छैन।

सम्पर्क नं. ९८४२५२२४७९, ९८६३३४८५७८

२०८३/०६/०१

मिलन खतिवडा

प्रधानाध्यापक

Head Teacher